२) धौलागिरि अंचल बाग्लुंग जिल्लाको अर्खा गाउँ पन्चायत अन्तरगत वडा नं. ६ गुच्छे खोलामा झोलुंगेपुल निर्माणको निमित्त ल्याएको मालसामानको विवरण –

(१) १"इन्ची लट्ठा तार तीनसय दश फीट – – – – – – – – – ३१०।

(२) १-१।४" फलामे पाता सातसय सोन्ह फीट – – – – – – – – ७१६।

(३) किला काँटी आदि समेतमा ।

आज्ञाले–
हरिहरजंग थापा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

मनोरञ्जन कर ऐन २०१७ को दफा ६ ले दएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बृटिश काउन्सीलको तत्वावधानमा २०२८ साल मार्ग ६ गतेदेखि १० गते (२२ देखि २६ नोभेम्बर १९७१) भित्र राष्ट्रिय नाचघरमा देखाइने २ दुई शोमा लाग्ने मनोरञ्जन कर छुट दिएको छ।

आज्ञाले–
हरिहरजंग थापा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

आर्थिक ऐन २०२८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०२८।८।१ देखि देहायका पथहरुमा देहायका सवारी कर कार्यालयहरूले असूलउपर गर्नु पर्ने गरी देहायबमोजिमको सवारी करको दर तोकिदिएको छ ।

१. सवारी कर लाग्ने पथहरू:–

१. मेची अञ्चलको– १. (क) काकर भित्ता– बिर्ता मोद
(ख) बिर्तामोड– दमक

२. कोशी अञ्चलको– १. (क) दमक– ईटहरी
(ख) ईटहरी– ईनरुवा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८६०

(ग) ईनरूवा–कोशी व्यारेज
२. (क) धरान–ईटहरी
(ख) ईटहरी–विराटनगर
३. (क) धरान–भीमनगर

३. सगरमाथा अञ्चलको– १. (क) कोशी व्यारेज–लाहान
(ख) लाहान–ढल्केवार
२. (क) राजविराज–कुनौली
(ख) कुनौली–हनुमाननगर
(ग) हनुमाननगर–कञ्चनपुर
(घ) राजविराज–हनुमाननगर

४. जनकपुर अञ्चलको– १. (क) ढल्केवार–वाग्मती पुल
(ख) वाग्मती पुल– पथलैया
२. (क) ढल्केवार–जनकपुरधाम
(ख) जनकपुरधाम–जलेश्वर
(ग) जनकपुरधाम–भीम बाँध

५. नारायणी अञ्चलको– १. (क) पथलैया–हेटौंडा
(ख) हेटौंडा–लोथर
(ग) लोथर–टाँडी (रत्ननगर)
(घ) टाँडी–भरतपुर
२. (क) वीरगञ्ज–कलैया
३. (क) वीरगञ्ज–पथलैया
(ख) हेटौंडा–भैंसे

६. वाग्मती अञ्चलको– १. (क) थानकोट–भैंसे
२. (क) भक्तपुर–धुलिखेल
(ख) धुलिखेल–पाँचखाल
(ग) पाँचखाल–बाह्रविसे
(घ) बाह्रविसे–कोदारी
३. (क) काठमाडौं–रानीपौवा
(ख) रानीपौवा–त्रिशूली

७. गण्डकी अञ्चलको– १. (क) पोखरा–स्यांजा
(ख) स्यांजा–रामदीघाट

८. लुम्बिनी अञ्चलको– १. (क) रामदीघाट–बुटवल
(ख) बुटवल–भैरहवा
(ग) बुटवल–तानसेन ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३८६

२. सवारी करको दरः–

| सवारीको साधन | पथको किसिम | |
|---|---|---|
| | पक्की सडक (पीच) | अर्ध–पक्की सडक (ग्राभेल) |
| जीप,कार, ल्याण्ड रोभर, स्टेशन वाइगन, मिनि बस, भ्यान र यस्तै अन्य सवारीका साधनहरूको प्रत्येकमा लाग्ने सवारी करको दर (प्रत्येक किलोमिटरमा)। | रू. –।११ (एघार पैसा) | रू. –।१० (दश पैसा) |
| बस,ट्रक,ट्राक्टर र यस्तै अन्य सवारी साधनहरूको प्रत्येकमा लाग्ने सवारी करको दर (प्रत्येक किलोमिटरमा)। | रू. –।१३ (तेह्र पैसा) | रू. –।१२ (बाह्र पैसा) |

३. सवारी कर कार्यालय रहने स्थानः–

१. मेची अञ्चलको– (१) बिर्तामोड (२) दमक (३) काकरभित्ता।

२. कोशी अञ्चलको– (१) ईटहरी (२) विराटनगर (३) कोशी ब्यारेज (४) ईनरूवा (५) धरान (६) चतरा।

३. सगरमाथा अञ्चलको– (१) हनुमाननगर (२) लाहान (३) राजविराज (४) कुनौली (५) कञ्चनपुर।

४. जनकपुर अञ्चलको– (१) ढल्केवार (२) जनकपुर (३) जलेश्वर (४) गोदार (चिसापानी जाने बाटो) (५) वाग्मती पुल।

५. नारायणी अञ्चलको– (१) हेटौंडा (२) वीरगञ्ज (३) भरतपुर (४) लोथर (५) टाँडी (रत्ननगर) (६) कलैया (७) भैंसे (८) दामन (९) पथलैया।

६. वाग्मती अञ्चलको– (१) थानकोट (२) भक्तपुर (३) कोदारी (४) खानीखोला (५) धुलिखेल (६) बाह्रबिसे (७) रानीपौवा (८) त्रिशूली।

७. गण्डकी अञ्चलको– (१) पोखरा (२) स्यांजा।

८. लुम्बिनी अञ्चलको– (१) बुटवल (२) तानसेन (३) भैरहवा।

आज्ञाले–
हरिहरजंग थापा
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८८